BRITISH COUNCIL

कार्यशाला तथा अनुदान अवसर

# जलवायु परिवर्तनमा महिला रिपोर्टरहरू

भदौ १० २०७९

www.britishcouncil.org

# बारम्बार सोधिने प्रश्नहरू

**Road to COP** वा **Road to COP26** भनेको के हो?

Road to COP युकेएडको आर्थिक सहायतामा ब्रिटिश काउन्सिलद्वारा सञ्चालित कार्यक्रम हो । यो युवाहरूको संलग्नता र जलवायु सम्बन्धी सञ्चारका क्रियाकलाप मार्फत दीर्घकालीन जलवायु कार्यमा सम्बन्धमा नेपाल र बेलायत सरकारको जलवायु समावेशी लक्ष्यहरूलाई सहयोग गर्न तयार गरिएको परियोजना हो । यसले नेपाल र बेलायतका सिर्जनशील क्षेत्रको साझेदारी मार्फत कार्य गरी जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई सिर्जनात्मक र नवप्रवर्द्धनात्मक रूपमा सम्बोधन गर्न राष्ट्रिय स्तरका व्यक्ति तथा संस्थाहरूलाई सहयोग गर्दछ ।

**यो अवसर कसको लागि हो ?**

यो कार्यशाला नेपालका रिपोर्टरहरूको लागि डिजाइन गरिएको हो, जसले जलवायु परिवर्तन र लैङ्गिकता बीचको अन्तरसम्बन्धहरू खोजी गर्न रुचि राख्दछन् । हामीले नेपालको फरक भूगोल र जलवायु क्षेत्रबाट मानिसहरू खोज्दैछौं जसले हाल पत्रकारिता, मल्टिमिडिया र सिर्जनात्मक सामग्रीहरू प्रयोग गरी आफ्नो स्थानीय परिवेश र सन्दर्भहरूलाई डिजिटल, टेलिभिजन, छापा र रेडियोका माध्यमबाट रिपोर्ट गरिरहेका छन् ।

कार्यशालाका सबै सत्रहरू भर्चुअल रूपमा प्रदान गरिँदैछन् । यसको लागि इन्टरनेट उपकरण र इन्टरनेट जडान हुनु जरुरी हुनेछ ।

यो कार्यशाला ती व्यक्तिहरूलाई सहयोग गर्नको लागि डिजाइन गरिएको हो जसले आफूलाई महिला, नारी, लैङ्गिक अल्पसंख्यक वा फरक लिङ्गको व्यक्ति भनेर चिनाएका हुन्छन् । अपाङ्गता भएकाहरू र अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई आवेदन गर्न हामी प्रोत्साहित गर्दछौं ।

**यो कार्यशालाको शिक्षण भाषा के हुनेछ ?**

सहजकर्ताले तालीम र पृष्ठपोषण सत्रहरू अंग्रेजी भाषाा सञ्चालन गर्नेछन् । छनौट भएका सहभागी समूहको आवश्यकता अनुरूप नेपाली भाषामा व्याख्या उपलब्ध गराइनेछ । त्यसैगरी, आवश्यकता अनुरूप नेपाली सांकेतिक भाषामा पनि व्याख्या उपलब्ध गराइनेछ ।

**यो अवसरको लागि मैले पैसा तिनुपर्छ ?**
पर्दैन । छनौट गरिएका सहभागीहरूको लागि यो नि:शुल्क कार्यशाला हो । यसमा स्थान सुरक्षित गर्ने कार्य प्रतिस्पर्धात्मक हुनेछ र केवल १० ठाउँ मात्र उपलब्ध छ ।

**यो कार्यशालको लागि योग्य हुन के मैले पहिले लैङ्गिक र/वा जलवायु विषयमा रिपोर्ट गरेको हुनुपर्नेछ ?**

पर्दैन । तर तपाईंको भविष्यका रिपोर्टिङहरूमा यी विषयहरूमा खोजी गर्न र लेख्न प्रतिबद्ध हुर्नुपर्छ ।

**यो कार्यशालाको लागि मैले निश्चित उमेर पूरा गरेको हुनपर्छ ?**

यो कार्यशालाको लागि योग्य हुन तपाईं १९ वर्ष वा सोभन्दा बढी उमेरको हुनुपर्नेछ ।

## मेरो आवेदनको मूल्याङ्कन कसरी गरिनेछ ?

एउटा बहुसदस्यीय प्यानलबाट सहभागीहरू छनौट हुनेछन् । मूल्याङ्कन पूर्ण रूपमा आवेदन फारामको माध्यमबाट उपलब्ध गराइएको जानकारी र विवरणका आधारमा हुनेछ । प्रत्येक उम्मेदवारको मूल्याङ्कन गर्न तलका मापदण्डहरू प्रयोग गरिनेछ :

- उम्मेदवारको उपयुक्तता (Relavancy of Candidate) : पृष्ठभूमि, अनुभव
- उद्देश्य (Purpose) : रुचिको क्षेत्र, कार्यका नमुनाहरू
- रिपोर्टिङ गर्ने कथाको प्रस्ताव (Pitch) : केन्द्रित शीर्षक, सम्भाव्यता (बजेट), गहिराइ र मौलिकता

## यो कार्यशालाको लागि मैले कसरी आवेदन गर्ने ?

अनलाइन आवेदन फारम पूरा गर्नुहोस् । यो आवेदन फाराम भर्न बढीमा ३० मिनेट जति लाग्नेछ । तयारी गर्नको लागि यहाँ दिइएका आवेदन प्रश्नहरू राम्रोसँग पढ्न सक्नुहुन्छ ।
आवेदन पेश गर्ने अन्तिम मिति सन् २०२२ सेप्टेम्बर १२ रातिको ११:५९ बजेसम्म हो । नतिजाको सम्बन्धमा हामी सन् २०२२ सेप्टेम्बर १६ सम्म आवेदकहरूसँग सम्पर्कमा हुनेछौं ।

## पत्रकारिता अनुदानको लागि मैले कसरी आवेदन गर्ने ?

कार्यशाला आवेदन र पत्रकारिता अनुदान आवेदन एउटै हुन् । कार्यशालामा प्रवेश पाएका आवेदकहरू स्वतः अनुदानको लागि योग्य हुन्छन् । अनुदान प्राप्त गर्न कार्यशालाको अन्त्यमा सहभागीहरूले अद्यावधिक बजेट सहितको कथा प्रस्ताव विकास गरेर पेश गर्नुपर्ने हुन्छ । बजेट प्रदान गर्न ब्रिटिश काउन्सिलले प्रत्येक सहभागीको लागि अनुदान सम्झौता बनाउनेछ ।

## मेरो कथाको प्रस्ताव (स्टोरी पिच) कति विस्तृत हुनुपर्छ ?

कार्यशालाको दौरान तपाईंको कथा प्रस्तावलाई अझ अन्तिम सोचहरूमा विकास गर्नुपर्नेछ । हामीलाई को, के र कहाँ भन्ने आधारभूत विवरण समेटेको प्रारम्भिक मस्यौदा मात्र चाहिन्छ । प्रस्तावमा सही लैङ्गिक र जलवायु परिवर्तन (वातावरण, प्राकृतिक विपद, दिगोपन, जीविकोपार्जन आदि) दृष्टिकोण हुनुपर्नेछ । तपाईंले अनुमानित बजेट पनि पेश गर्नुपर्नेछ । अनुदानले के के समेट्छ भन्ने विस्तृत जानकारीको लागि तल हेर्नुहोस् । कार्यशालाको अन्त्यमा तपाईंसँग संशोधित प्रस्ताव र बजेट पुन पेश गर्ने मौका हुनेछ ।

## के म कुनै प्रकाशनसँग आबद्ध भएको हुनुपर्छ ?

कार्यशालाको सुरुमा तपाईं यो वा त्यो प्रकाशनमा जोडिएको हुनुपर्छ भन्ने छैन । तर अनुदानबाट विकास हुने सामग्रीको लागि सम्भावित बजारहरू उल्लेख गर्दा यसले हाम्रो मूल्याङ्कन प्यानलको लागि तपाईंको सोचलाई राम्रोसँग समीक्षा गर्न मद्दत गर्नेछ ।

## अनुदान रकम केको लागि प्रयोग गर्न सकिन्छ ?

तपाईंको प्रकाशित सामग्री अन्तिम कार्यसँग जोडिएका सबै खर्चहरू यस अनुदानले समेट्नेछ । यसमा यातायात र खाना, समाचार तयार गर्ने कार्यमा जोडिएका मानिसहरूको समय, उत्पादन लागत, बन्दोबस्ती लगायत रहनेछन् ।

सहभागीहरूले आफ्नो समुदाय भित्र रहेका कुराहरूमा रिपोर्ट गर्ने (भूगोल, जलवायु, जातीय विशेषताहरूलाई समेट्दै) कुराको हामी अपेक्षा गर्दछौं। अनुदान प्रापकले कुनै पनि प्रत्यक्ष गतिविधिहरूको योजना बनाउँदा COVID–19 को सबै स्थानीय, प्रदेश र संघीय निर्देशिकाहरूको पालना गर्नुपर्नेछ।

**कार्यशाला र अनुदानले कस्तो प्रकारका सामग्री उत्पादनलाई सहयोग गर्नेछ ?**

छापा, अनलाइन, रेडियो वा टेलिभिजन मध्ये कुनै पनि सञ्चार माध्यममा प्रकाशन वा प्रशारण हुने सामग्रीहरू योग्य हुनेछन्।

**के सिर्जनशील सामग्रीहरू छनौट योग्य हुन्छन् ?**

फोटो पत्रकारिता, वृत्तचित्रहरू र नयाँ मिडिया सामग्रीहरू पनि योग्य हुनेछन्।

**मेरो आवेदनको लागि वा अनुदान अन्तर्गतका सामग्रीहरू विकासमा अरुसँग सहकार्य गर्न सक्छु (पत्रकार/सञ्चार गृह/प्रकाशन गृहहरू आदि) ?**

हो, सक्नुहुन्छ। यदि तपाईंले सहकार्य गर्ने बारेमा सोचिरहनु भएको छ भने सहकार्य गर्ने व्यक्ति र संस्थाहरूको नाम पनि उल्लेख गर्नुहोस्।

**अनुदानबाट उत्पादित सामग्रीमा कसको स्वामित्व हुनेछ ?**

तपाईं (वा तपाईंको प्रकाशक) ले उत्पादित सामग्रीमा पूर्ण लेखकीय अधिकार वा प्रतिलिपि अधिकार राख्नुहुनेछ। तथापि, प्रकाशित सामग्रीमा बाइलाइन क्रेडिट समावेश गर्नुपर्नेछ।

**म सफल भएँ भन्ने कुरा मैले कहिले जानकारी पाउनेछु ?**

सबै सफल र असफल आवेदकहरूलाई सन् २०२२ सेप्टेम्बर १६ सम्ममा हामी जानकारी दिनेछौं।

थप जिज्ञासाको लागि इमेल गर्नुहोस् : arts@britishcouncil.org.np